भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# भजनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**भजनी, कैलाली**

**सुदुर पश्चिम प्रदेश, नेपाल**

**ठेक्का आवहानको सूचना**

## दोस्रो पटक प्रकाशित मिति :-२०७७/४/७

भजनी नगर कार्यलयको मिति २०७७/०४/०६ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०७७/०७८ का लागि यस भजनी नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका घाटहरुमा डुङ्गा (नाऊ) उत्तराही ठेक्का बन्दोबस्त गर्न देहाय बमोजिमका शर्तहरुको अधिनमा रही ठेक्का पेश गर्न सम्बन्धीत सबैको जनकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

| क्र.स. | ठेक्का नं. | घाटको नाम | ठेगाना | न्युनतम कवोल अंक | दरभाउपत्र फारम दस्तुर | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/२०७६/०७७ | लौवस्ता घाट कान्द्र नदि | भजनी- ५ | ५०,१००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |
| २. | ०३/२०७६/०७७ | लालबोझी भन्सार खैरेनी घाट | भजनी ५र १ | १,२५,१००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |
| ३. | ०४/२०७६/०७७ | कनैयापुर –कौवाखेडा कन्द्रा नदि | भजनी -३र ५ | ३०,०००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |
| ४. | ०५/२०७६/०७७ | जवालपुर- मिलानपुर घाट | भजनी ३ र ५ | ५५,०००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |
| ५. | ०६/२०७६/०७७ | पथरैया नदि बेलुवा-जनकपुर घाट | भजनी -८ | २०,०००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |
| ६. | ०७/२०७६/०७७ | पथरैया नदि छछरहुवा-भर्तापुर घाट | भजनी- ८ | ४०,०००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |
| ७. | ०८/२०७६/०७७ | बिजुलिया-पच्मुडिया घाट कन्द्रा नदि | भजनी ४र ९ | ३०,०००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |
| ८. | ०९/२०७६/०७७ | खुरखुरिया- भुरुवा घाट कान्द्रा नदि | भजनी -९ | १५०००/- | १,०००/- | २०७७कार्तिक मसान्त सम्म | |

शर्तहरु:-

१. ठेक्का फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद तिरी (फिर्ता नहुने गरी) खरिद गरी ८ औं दिन दिनको १२:०० बजे सम्म भजनी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिनेछ। उक्त ठेक्का फाराम सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधि र ठेक्का दाताहरुको रोहवरमा नगर

निमित्त प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन।

२. ठेक्का फाराम खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

३. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

४. ठेक्का फारामको खाम बाहिर यस भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको नाम लेखि ठेकेदारको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५. ठेकेदारले पेश गरेको कबोल रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६.ठेक्का प्रक्रियामा भाग लिन चाहने दरभाउपत्र दाताले नगरपालिकाले निर्धारण गरेको न्यूनतम रकमको नेपाली नागरिक भए ५(पांच) प्रतिशत र विदेशी नागरिक भएमा १०(दश) प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक भजनी शाखामा रहेको धरौटी खाता नं.४१५००३०३००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्ने छ ।

७.ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

८.नगर पालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ ।

९. घाटको दुबै किनारामा सबैले देख्ने गरी दर रेटको साइन बोर्ड राख्नुपर्नेछ ।

१०.यात्री हरुलाई यस कार्यालयबाट छाप लगाएको नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

११.डुङ्गा(नाऊ) संचालन गर्दा यात्रु अनुसारको लाईफ ज्याकेट राख्नुपर्नेछ ।

१२.म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३.सरकारी कर्मचारी,भिन्न क्षमता भएका,विद्यार्थी र जेष्ठ नागरिकहरुलाई निःशुल्क घाट उत्तराही सेवा उपलब्ध गराउनु पर्नेछ ।

१४.पेश भएको ठेक्का स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५.यसमा उल्लेख नभएको विषयको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन,२०२०, स्थानीय सरकार संचालन ऐन, २०७४,सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१६ ठेक्का सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ०९१-५८०२०१ मा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

हरिराम चौधरी
नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत